# भाग ३

## नेपाल सरकार
## गृह मन्त्रालयको
## सूचना

## फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कुनै खास किसिमका फौजदारी मुद्दाको कारबाही र किनारा गर्न कानून बमोजिम अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारीलाई समेत जनाउँछ ।

(ख) "ऐन" भन्नाले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले गृह मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले कारागार व्यवस्थापन विभाग सम्झनु पर्छ ।

३. **कैद कट्टा गर्न सकिने** : (१) प्रचलित कानून बमोजिम कैद सजाय भई कैदमा रहेका कसूरदारको कैदमा रहँदा चालचलनमा सुधार आएमा र निजले ऐनको दफा ३७ बमोजिमको अवधिको कैद सजाय भुक्तान गरेमा निजलाई भएको कैद सजाय ऐन तथा यस नियमावली बमोजिम कट्टा गर्न सकिनेछ ।

(२) प्रचलित कानून बमोजिम सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको जेष्ठ नागरिकलाई ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानून बमोजिम कैद कट्टा गर्न सकिनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ३७ मा उल्लिखित कसूरदारका अतिरिक्त देहाय बमोजिमका कसूरदारलाई लागेको कैद कट्टा गर्न सकिने छैन:-

(क) राज्य विरुद्धका कसूरमा सजाय पाएको,

(ख) युद्ध अपराध सम्बन्धी कसूरमा सजाय पाएको,

(ग) विध्वंशात्मक अपराध सम्बन्धी कसूरमा सजाय पाएको,

(घ) बालबालिका विरुद्धको यौन शोषण वा हिंसा सम्बन्धी कसूरमा सजाय पाएको,

(ङ) बहुविवाहको कसूरमा सजाय पाएको,

(च) कैदबाट भागे भगाएको कसूरमा सजाय पाएको, र

(छ) अदालतको फैसला बमोजिमको दण्ड, जरिबाना र बिगो तिर्न बुझाउन बाँकी रहेको ।

४. **चालचलनको अभिलेख राख्नु पर्ने** : (१) ऐनको दफा ३७ को प्रयोजनको लागि प्रत्येक कारागारले आफ्नो कारागारमा रहेका कैदीको चालचलनको अभिलेख अनुसूची-१ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अभिलेख प्रत्येक तीन महिनामा अद्यावधिक गरी कारागारले विभागमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको अभिलेख विभागले मागेका बखत कारागारले उपलब्ध गराउनु पर्नेछ ।

(४) एउटा कारागारबाट कैदीलाई अर्को कारागारमा सार्दा यस नियम बमोजिमको अभिलेख समेत अद्यावधिक गरी कैदी सरी गएको कारागारमा पठाउनु पर्नेछ ।

५. <u>निवेदन दिनु पर्ने</u> : (१) अदालतको फैसला बमोजिम कैदको सजाय पाएका ऐनको दफा ३७ मा उल्लेख भएको अवधिको कैद सजाय भुक्तान गरिसकेका र नियम ३ को उपनियम (३) मा उल्लिखित कसूरमा सजाय पाएका कसूरदार बाहेकका अन्य कसूरदारले आफूलाई भएको कैद सजाय कट्टा गरी पाउनको लागि देहाय बमोजिमका कागजातहरु संलग्न गरी आफू कैदमा रहेको कारागार समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) नागरिकता वा राहदानीको प्रमाणित प्रतिलिपि,

(ख) अन्तिम फैसलाको प्रमाणित प्रतिलिपि वा पुनरावेदन, पुनरावलोकन, मुद्दा दोहोऱ्याउने सम्बन्धी कारबाही गरे वा नगरेको व्यहोरा खुल्ने कागजात,

(ग) जरिबाना बुझाएको वा कैद बसेको प्रमाणित गर्ने कागजात,

(घ) सजाय माफी, मुलतबी, मिनाहा, परिवर्तन वा कम गर्ने कारबाही चलाएको भए सो व्यहोरा खुल्ने कागजात,

(ङ) सजाय कट्टा गर्न सहयोग गर्ने अन्य कुनै कागजात भए त्यस्तो कागजात ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सत्तरी वर्ष उमेर पूरा भएको वा कडा रोग लागेको वा मानसिक अवस्था ठीक नभएको कसूरदारको हकमा निजको

बाबु, आमा, पति, पत्नी, छोरा, बुहारी, दाजु, भाई, दिदी, बहिनी, छोरी, नाती, नातिनी वा एकाघरको उमेर पुगेको व्यक्ति वा त्यस्तो व्यक्ति नभएमा नजिकको नातेदार वा त्यस्तो कोही नभएमा निज कैद पर्नु अघि निजलाई पालन पोषण गरिआएको व्यक्तिले उपनियम (१) बमोजिम निवेदन दिन सक्नेछ ।

६. <u>निवेदन उपर जाँचबुझ तथा सिफारिस</u> : (१) नियम ५ बमोजिम पर्न आएका निवेदन उपर सम्बन्धित कारागारले जाँचबुझ गर्दा कैदीको चालचलनमा सुधार आएको, ऐनको दफा ३७ बमोजिम भुक्तान हुनु पर्ने कैद अवधि भुक्तान गरेको र ऐनको दफा ३७ तथा यस नियमावली बमोजिम कैद सजाय कट्टा गर्न मिल्ने देखिएमा प्राप्त निवेदन र सोसँग संलग्न कागजात र नियम ४ बमोजिम राखिएको सम्बन्धित कैदीको चालचलन सम्बन्धी अभिलेख समेत संलग्न गरी आफ्नो सिफारिस सहित सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कारागारबाट प्राप्त हुन आएको निवेदन र सोसाथ संलग्न कागजात उपर जाँचबुझ गर्दा कैद कट्टाको लागि निवेदन दिने कैदीको चालचलनमा सुधार आएको र ऐन तथा यस नियमावली बमोजिम त्यस्तो कैदीको कैद सजाय कट्टा हुन सक्ने देखिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले सोही व्यहोरा खुलाई कैद कट्टाको लागि अनुसूची–३ बमोजिमको ढाँचामा विभाग समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त सिफारिस सहितको निवेदन उपर जाँचबुझ गर्दा ऐन तथा यस नियमावली बमोजिम कसूरदारलाई लागेको कैद कट्टा गर्न मनासिब देखिएमा विभागले एकमुष्ठ विवरण तयार गरी त्यस्तो कैद कट्टा गर्ने निर्णयको लागि मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

७. <u>**नेपाल सरकारको निर्णय सहित स्वीकृतिका लागि राष्ट्रपति समक्ष सिफारिस गर्ने**</u> : (१) नियम ६ बमोजिम विभागबाट प्राप्त कागजात जाँचबुझ गर्दा कसूरदारलाई लागेको कैद ऐनको दफा ३७ तथा यस नियमावली बमोजिम कट्टा गर्न मनासिब देखिएमा मन्त्रालयले त्यस्तो कसूरदारलाई लागेको कैद कट्टा गर्ने निर्णयको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कैद कट्टा सम्बन्धी निर्णयको लागि प्रस्ताव पेश गर्दा मन्त्रालयले वर्षमा बढीमा चार पटकसम्म गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त प्रस्ताव मनासिब देखिएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले कसूरदारलाई लागेको कैद कट्टा गर्ने निर्णय गरी स्वीकृतिका लागि राष्ट्रपति समक्ष सिफारिस गर्नेछ ।

(४) उपनियम (३) बमोजिम नेपाल सरकारबाट भएको सिफारिस बमोजिम कुनै कसूरदारलाई ठेकिएको कैद राष्ट्रपतिबाट कट्टी भएमा त्यसको सूचना नेपाल सरकार मन्त्रिपरिषद्लाई दिनु पर्नेछ ।

८. **कैद कट्टा गर्न लेखी पठाउने** : नियम ७ बमोजिम राष्ट्रपतिबाट कैद कट्टा गर्ने स्वीकृति प्राप्त भएपछि मन्त्रालयले सो निर्णय बमोजिम कसूरदारको कैद कट्टा गर्न विभाग मार्फत सम्बन्धित कारागारमा लेखी पठाउनु पर्नेछ ।

९. **कैद कट्टा गर्नु पर्ने** : (१) नियम ८ बमोजिम कैद कट्टाको लागि लेखी आएमा सम्बन्धित कारागारले राष्ट्रपतिबाट स्वीकृति प्रदान गरिए बमोजिमका कसूरदारको कैद कट्टा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कसूरदारको कैद कट्टा गरिएकोमा प्रचलित कानून बमोजिम कुनै निकायलाई जानकारी दिनु पर्ने भएमा कारागारले त्यस्तो निकायलाई सोको जानकारी दिनु पर्नेछ।

१०. **प्रचलित कानून बमोजिम कारबाही हुने** : कारागार कार्यालयहरुबाट प्राप्त सिफारिस तथा कागजातहरु झुट्टा ठहरिएमा त्यस्तो झुट्टा सिफारिस गर्ने व्यक्ति वा पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

अनुसूची-१
(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)
कैदीको चाल चलन सम्बन्धी अभिलेख

कारागार कार्यालय, ..................

| सि.नं | कैदी को नाम | कैदी को उमेर | गरेको कसूर | भएको सजाय | निजको मुद्दा नकरात्मक सूचीमा परे/नपरेको | कैद भुक्तान गरेको अवधि | कैदमा कुनै किसिमको अनुचित काम गरे/ नगरेको | अनुचित काम गरेको भए त्यसको विवरण | कारागार प्रमुखको राय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

चालचलन प्रमाणित गर्ने कारागार प्रमुखको;
नाम, थरः
दस्तखतः
मितिः

अनुसूची-२

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

<u>कैद कट्टा गर्न दिने निवेदनको ढाँचा</u>

श्री प्रमुखज्यू,

कारागार कार्यालय, ............................ ।

<u>विषयः कैद कट्टा गरी पाउँ ।</u>

१. निवेदकको पूरा नाम, थर र ठेगानाः

२. मुद्दाः

३. वादी र प्रतिवादीहरुको नाम, थर र ठेगानाः

४. मुद्दा फैसला गर्ने अदालतः

५. भएको सजायः

६. मुद्दा अन्तिम भएको मिति वा पुनरावेदन लाग्ने भए पुनरावेदनको म्याद समाप्त भएको मितिः

७. हालसम्म भुक्तान गरेको सजायः

८. कैद कट्टा गर्नु पर्ने आधार र औचित्यः

९. कैदीको स्वघोषणाः अब उप्रान्त कुनै पनि किसिमको कसूरजन्य क्रियाकलापमा संलग्न हुने छैन ।कुनै कसूरमा संलग्न भएमा कैद कट्टा भएको सजाय समेत भोग्न मञ्जूर गर्दछु ।

मैले मलाई भएको सजाय उपर पुनरावेदन गरेको वा पुनरावलोकन वा मुद्दा दोहराउने निवेदन दिई सो विचाराधीन रहेको अवस्था छैन। व्यहोरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

म आफूले गरेको कसूरका लागि क्षमायाचना गर्दछु ।

निवेदकको;

नाम थरः

दस्तखतः

मितिः

अनुसूची-३

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

## कैद कट्टाको लागि गरिने सिफारिसको ढाँचा

| कैद कट्टा गर्ने प्रयोजनका लागि तोकिएको कैदको ...... प्रतिशत कैद भुक्तान गरेका तथा ज्येष्ठ नागरिकहरुको हकमा तोकिएको उमेर पूरा गरेका कैदीहरुको बाँकी कैद कट्टाका लागि प्रमुख जिल्ला अधिकारी तथा कारागार प्रमुखको सिफारिस सहितको विवरण | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | कैदीको नाम, थर, ठेगाना | जाहेरवालाको नाम | मुद्दाको अन्तिम कारबाही गर्ने निकाय र अन्तिम फैसला मिति | उमेर | लिङ्ग | राष्ट्रियता | मुद्दा | निजको मुद्दा नकारात्मक सूचीमा परे/नपरेको | पुनरावेदन नपरेको प्रमाण | कैद परेको मिति | कैदीपूर्जीमा उल्लिखित छुट्टी जाने मिति (जरिवाना भए सो समेत) | तोकिएको कैद र जरिवाना गरी जम्मा कैद (वर्ष, महिना, दिन) | ............ भुक्तान कैद (वर्ष, महिना, दिन र प्रतिशत) | छोड्याउनु पर्ने कैद (वर्ष, महिना, दिन र प्रतिशत) | कैफियत (वृद्ध, रोगी वा अशक्त भए सो समेत उल्लेख गर्ने) | कैद कट्टा गर्न उपयुक्त छ/छैन | |
| १ | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

माथि उल्लिखित कैदीको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७५ को दफा ३७ बमोजिम भुक्तान गर्नु पर्ने कैद अवधि भुक्तान भई सकेको, निजको चालचलनमा सुधार आएको र निजलाई भएको कैद सजाय ऐनको दफा ३७ र फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७५ बमोजिम कट्टा गर्न मिल्ने देखिएकोले माथि उल्लेख भए बमोजिम भुक्तान गर्न बाँकी कैद कट्टाको निर्णय हुन मनासिब देखिएको व्यहोरा सिफारिस गर्दछु ।

.................................
नाम थर :
पद : कारागार प्रमुख (जेलर)
कार्यालय : कारागार कार्यालय, ..........
मिति :
कार्यालयको छाप :

.................................
नाम थर :
पद : प्रमुख जिल्ला अधिकारी
कार्यालय : जिल्ला प्रशासन कार्यालय,..........
मिति :
कार्यालयको छाप

**आज्ञाले,**
**प्रेम कुमार राई**
**नेपाल सरकारको सचिव**